# सुन्दरहरैँचा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय
## विराटचौक, मोरङ

# सेवा करारमा कर्मचारी पदपूर्ती सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशित : मिति २०७८/१२/०६

यस सुन्दरहरैँचा नगरपालिका कार्यालय र सो अन्तर्गत रहेको नगर अस्पताल, हरैँचाका लागि देहायका जनशक्ति आवश्यक भएको हुँदा योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिनभित्र कार्यालय समयमा आईपुग्ने गरी आफुले प्राप्त गरेको योग्यताका प्रमाणपत्रहरु (समकक्षता निर्धारण गर्नु पर्ने भए सो समेत गरी) र नेपाली नागरिकताको प्रमाणपत्र सहित निर्धारित दरखास्त फारमभरी कार्यालयमा निवेदन गर्न ईच्छुक उम्मेदवारका लागि यो सूचना प्रकाशन गरिएको छ । म्याद सकिएपछि आएको एवम् रित नपुगेको निवेदन छनौट प्रकृयामा समावेश गरिने छैन।

देहाय :-

| सि.नं | विज्ञापन नं. | पद | तह | समुह | आवश्यको संख्या | दरखास्त दस्तुर | उमेर | परीक्षको किसिम |
|---|---|---|---|---|---|---|---|---|
| १. | ०३/२०७८-०७९ | ईन्जिनियर | छैठौं | सिभिल | २ | रु १०००। | २१ वर्ष पुरा भई ३५ बर्ष ननाघेको (महिलाको हकमा ४० वर्ष ननाघेको) | छोटो सूची, लिखित र अर्न्तवार्ता |
| २. | ०४/२०७८-०७९ | फार्मेसि | पाँचौ | फार्मेसि | १ | रु १०००। | १८ वर्ष पुरा भई ३५ बर्ष ननाघेको (महिलाको हकमा ४० वर्ष ननाघेको) | छोटो सूची र अर्न्तवार्ता |
| ३. | ०५/२०७८-०७९ | स्टाफ नर्स | पाँचौ | नर्सिङ | ६ | रु १०००। | १८ वर्ष पुरा भई ३५ बर्ष ननाघेको (महिलाको हकमा ४० वर्ष ननाघेको) | छोटो सूची र अर्न्तवार्ता |
| ४. | ०६/२०७८-०७९ | विरामी दर्ता सहायक | चौथो | प्राविधिक | ३ | रु १०००। | १८ वर्ष पुरा भई ३५ बर्ष ननाघेको (महिलाको हकमा ४० वर्ष ननाघेको) | छोटो सूची, प्रयोगात्मक र अर्न्तवार्ता |

(क) **न्यूनतम शैक्षिक योग्यता :-**

(१) सिभिल ईन्जिनियरिङ तर्फ मान्यताप्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनियरिङमा स्नातकतह उतीर्ण गरि सरकारी कार्यालयमा कम्तिमा १ वर्ष कार्यानुभव भएको।

(२) फार्मेसी सहायकतर्फ मान्यताप्राप्त संस्थाबाट Diploma in Pharmacy उत्तीर्ण गरी नेपाल फार्मेसी परिषद्मा दर्ता भएको।

(३) स्टाफ नर्सतर्फ मान्यताप्राप्त संस्थाबाटकम्तिमा PCL Nursing वा सो भन्दामाथि उत्तीर्ण गरी नेपाल नर्सिङ परिषद्मा दर्ता भएको।

(४) विरामी दर्ता सहायकतर्फ मान्यताप्राप्त संस्थाबाट कम्तिमा १०+२ उत्तीर्ण भई कम्प्यूटरमा राम्रो दखल तथा नेपाली र अंग्रेजी टाईप राम्रो भएको।

(ख) **तलब/भत्ता :-** नगरपालिकाले तोके अनुसार हुनेछ।

(ग) **दरखास्त दस्तुर :-** यस कार्यालयको राजश्व शाखामा जम्मा गरी भौचर पेश गर्नु पर्नेछ।

घ) थपजानकारी तथा दरखास्त फारमका लागि सुन्दरहरैँचा नगरपालिकाको वेबसाईट www.sundarharaichamun.gov.np मार्फत प्राप्त गर्न सकिनेछ।

ङ) कार्यानुभव भएको तथा स्थानीयलाई पहिलो प्राथमिकता दिईनेछ।

**- पदपूर्ती समिती**